# गौर नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## गौर,रौतहट
## मधेश प्रदेश,नेपाल

**प्रथम पटक प्रकाशित मिति २०८२/०२/०७ गते**

**आन्तरिक आय संकलन (ठेक्का बन्दोवस्त) सम्बन्धी सूचना।**

स्थानीय सरकार संचालन ऐन २०७४ तथा यस नगरपालिकाबाट पारित आर्थिक ऐन अनुसार यस नगरपालिकाको स्वामित्वमा रहेको गौर बसपार्कको आ.व.२०८२/०८३ देखि आ.व.२०८४/२०८५ सम्म (३) बर्षका लागि सवारी साधन प्रवेश शुल्क, टिकट काउण्टर शुल्क, शौचालय प्रयोग शुल्क, सटर कोठाहरु, चमेना गृह र प्रशासनिक भवन समेतको एकमुष्ठ बढाबढको माध्यमद्वारा ठेक्का बन्दोवस्त गर्नु पर्ने भएकोले ईच्छुक फर्म/कम्पनीले तपसिलका शर्तहरुको अधिनमा रही रितपूर्वक गोप्य सिलबन्दी बोलपत्र पेश गर्न यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ।

१. बोलपत्र बिक्री हुने अन्तिम मिति सूचना प्रकाशित भएको मितिले ३० दिनभित्र (२०८२/०३/०५) गते कार्यालय समय सम्म ।
२. बोलपत्र फाराम दस्तुर रु ३,०००।- (तिन हजार मात्र) फिर्ता नहुने गरी।
३. बोलपत्र दर्ता हुने अन्तिम मिति २०८२/०३/०६ गते दिनको १२:०० बजे सम्म गौर नगरपालिका कार्यालयमा।
४. बोलपत्र खोलिने मिति २०८२/०३/०६ गते दिनको ५:०० बजे गौर न.पा.कार्यालयमा।
५. बोलपत्र फारम खरिद गर्न इच्छुक फर्म वा कम्पनीको ईजाजत प्रमाणपत्रको प्रतिलिपि, मूल्य अभिवृद्धि करमा दर्ता भएको प्रमाण पत्रको प्रतिलिपि र आ.व.२०८०/०८१ को करचुक्ता प्रमाणपत्रको प्रतिलिपि पेश गर्नुपर्नेछ।
६. सिलबन्दी बोलपत्र पेश गर्ने फर्म वा कम्पनीले सकार गरेको कुल रकमको ५% ले हुने रकम धरौटी वापतको यस नगरपालिकाको नाममा राष्ट्रिय वाणिज्य बैक शाखा गौरमा रहेको धरौटी खाता नं.१२१०१००३०३००००५ मा जम्मा गरेको सक्कल बैक भौचर सिलबन्दी बोलपत्र साथ पेश गर्नुपर्नेछ।
७. बोलपत्रदाताले (३) तिन बर्षको लागि सकार गरेको रकम एकमुष्ठ बुझाए सकार रकमको १०% ले हुने रकम छुट दिईनेछ। एकमुष्ठ रकम बुझाउन नसक्ने भएमा बोलपत्र स्वीकृत भए पश्चात हरेक बर्ष १ किस्तामा बुझाउने गरी ३ वर्षको ३ किस्तामा बुझाउने गरी किस्तावन्दी गर्न सकिनेछ। जसको लागि पहिलो बर्षको किस्ता वापतको रकम ठेक्का सम्झौता हुनु भन्दा पहिला यस कार्यालयमा बुझाई दोस्रो वर्षको किस्ता रकम बराबरको क वर्गको बैंकद्धारा गौर नगरपालिकाको नाममा जारी (१) एक वर्ष म्याद भएको बैंक जमानत पत्र पेश गर्नुपर्नेछ। किस्तामा रकम बुझाउदा प्रत्येक आ.व.को बैशाख मसान्तभित्र बुझाउनु पर्नेछ। किस्तामा रकम समयमा ठेक्का रकम नबुझाएमा नगरपालिकाले कुनै पनि समयमा ठेक्का सम्झौता भंग गर्न सक्नेछ। किस्तामा रकम बुझाउनेलाई छुट दिइनेछैन।
८. बोलपत्रदाताले सिलबन्दी बोलपत्रमा उल्लेख गरेको सकार रकम अङक र अक्षरमा फरक पर्न गएमा अक्षरमा लेखिएको रकम मान्य हुनेछ।
९. धरौटी रकम यस नगरपालिकामा बुझाउने किस्ता रकममा मिन्हा हुने छैन्। ठेक्का अवधि समाप्त भए पश्चात धरौटी रकम फिर्ता गरिनेछ।
१०. गौर बसपार्कमा उपयोग हुने बिधुत महशुल, पानी महशुल वा अन्य सेवा शुल्कहरु मासिक रुपमा बोलपत्रदाताले नै बुझाउनु पर्नेछ र सोको बिल अनिवार्य रुपमा सोही महिनामा यस नगरपालिका कार्यालयमा पेश गर्नु पर्नेछ। मासिक रुपमा विधुत महशुल, पानी महशुल तथा अन्य शुल्क नबुझाएमा उक्त ठेक्काको लागि राखिएको धरौटी रकमबाट कट्टा गरिनेछ।
११. नगरपालिकाको कुनै प्रकारको बाँकी वक्यौता रहेको वा कालो सुचीमा परेको फर्म वा कम्पनीहरु बोलपत्रमा भाग लिन पाउने छैन।
१२. बोलपत्रदाताले खरिद कार्यमा भाग लिन अयोग्य नभएको, प्रस्तावित खरिद कार्यमा आफ्नो स्वार्थ नबाझिएको र सम्बन्धित पेशा वा व्यवसाय सम्बन्धी कसुरमा आफुले सजाय नपाएको वा कालो सुचीमा नपरेको भनि लिखित रुपमा गरेको स्वयं घोषणाको कागजात पेश गर्नुपर्नेछ।
१३. गौर बसपार्कभित्र आगमन तथा त्यहीबाट प्रस्थान हुने लामो तथा छोटो दुरीका सवारी साधनहरु बसपार्कमा एक पटक प्रवेश गरेपछि तिरेको प्रवेश शुल्क सोही दिनका लागि मान्य हुनेछ।
१४. सानो तिनो (२०-२५ ) हजार सम्मको मर्मत गर्नुपर्ने भए बोलपत्रदाताले नै अनिवार्य रुपमा गर्नुपर्नेछ, सो भन्दा ठूलो मर्मत गर्नुपरे आवश्यकता र औचित्य हेरी नगरपालिकाले गर्नेछ।
१५. ठेक्का असुलीको दररेट यस नगरपालिकाको सूचना पाटीमा टाँस गरिनुको साथै बोलपत्र फारम साथै उपलब्ध गराईनेछ।

प्रमुख प्रशासकीय अधिकृत

सवारी साधन प्रवेश शूल्क, टिकट काउण्टर शुल्क र शौचालय प्रयोग शुल्कमा दररेट नबढाई यस नगरपालिकाले तोकेको दरमा लिनु पर्नेछ ।

७. सटर कोठाहरु तथा चमेना गृहको मासिक भाडा ठेकेदार स्वयंले निर्धारण गरी भाडामा लगाउन सक्नेछ, र ठेक्का सम्झौता भएको ३ महिनाभित्र प्रयोगमा ल्याउनु पर्नेछ ।

८. ठेक्का रकममा मूल्य अभिवृद्धि कर समेत समावेश गरी यस कार्यालयलाई बुझाउनु पर्नेछ ।

९. मू.अ.कर बाहेक नियमानुसार तिर्नुपर्ने करहरु ठेकेदार स्वयंले नै सम्बन्धित निकायमा तिर्नु पर्नेछ ।

२०. गौर बसपार्कको सुरक्षाको लागि मुलगेटमा प्रत्येक दिन ८ घण्टाको हिसाबले ३ जना र १६ घण्टा सरसफाईको लागि २ जना स्वीपरको व्यवस्था अनिवार्य रुपमा बोलपत्रदाता स्वयंको खर्चमा व्यवस्था गर्नुपर्नेछ । बसपार्कबाट संकलन भएको फोहोरको व्यवस्थापन ठेकेदारले स्वयंम नगरपालिकाको निर्देशन अनुसार गर्नुपर्नेछ ।

२१. मानव सिर्जित (बन्द, हडताल, धर्ना, चक्काजाम, जुलुस आदि) कारणले यातायात बन्द भई बसपार्क अस्थायी रुपमा बन्द भएमा सोको मिन्हा गरिने छैन ।

२२. पेश भएको सिलबन्दी बोलपत्र कुनै कारण जनाई वा नजनाई आंशिक रुपमा वा पुरै स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस नगरपालिकामा निहित रहनेछ ।

२३. बोलपत्र खरिद तथा दर्ताको अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा विदा पछि कार्यालय खुलेको दिन कायम हुनेछ ।

२४. सम्झौता अनुसार कुनै विवाद उत्पन्न भएमा दुवै पक्षको आपसी समझदारीमा समस्या समाधान गरिनेछ । आपसी समझदारीमा समस्या समाधान नभएमा प्रचलित कानुन बमोजिम हुनेछ ।

२५. यसमा उल्लेख भएका कुराहरु यसै बमोजिम र उल्लेख नभएका अन्य कुराहरु प्रचलित ऐन, नियम तथा यस नगरपालिकाको निर्णय बमोजिम हुनेछ ।

## तपसिल

| क्र.स. | भौतिक संरचना तथा सेवा | लिन पाउने सेवा शुल्क | न्यूनतम सकार अङ्क (३ बर्षको) मू.अ.कर बाहेक | कैफियत |
|---|---|---|---|---|
| १ | रिक्सा, टेम्पु प्रवेश शुल्क | रु. १०/- (प्रति दिन एक पटक) | १,००,०५,०००/- ( एक करोड पाँच हजार मात्र ) | सकार रकममा मू. अ. कर रकम समेत समावेश गरी यस कार्यालयमा बुझाउनु पर्नेछ । |
| २ | लामो दुरीको बस तथा अन्य सवारी साधन प्रवेश शुल्क | रु. १००/-(प्रति दिन एक पटक) | | |
| ३ | छोटो दुरीको बस तथा अन्य सवारी साधन प्रवेश शुल्क | रु. ५०/-(प्रति दिन एक पटक) | | |
| ४ | शौचालय प्रयोग शुल्क | पिसाब फेर्नेबाट रु. ५/-<br>दिशा गर्नेबाट रु. १०/- | | |
| ५ | टिकट काउण्टर संख्या (४) | प्रत्येक काउण्टरको ५,०००/- मासिक | | |

प्रमुख प्रशासकीय अधिकृत